स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



यस वर्ष प्रदर्शनमा आएको फिल्म 'हल्कारा'बाट अभिनयमा सम्भावना देखाएकी विनिता थापामगार अभिनीत नयाँ फिल्म 'जम्प' यही मंसिर २९ गतेबाट प्रदर्शन हुने तयारीमा छ । यसमा उनले 'हल्कारा'मा भन्दा फरक चरित्र निर्वाह गरेकी छन् । जसले गर्दा काम गर्न गाह्रो भएको उनको अनुभव छ । फिल्मको चरित्र र आफ्नो पृष्ठभूमि फरक भएकाले धेरै मिहिनेत गर्नुपरेको उनी बताउँछिन् । विनिता भन्छिन्, त्यसो त कुनै पनि क्यारेक्टर निर्वाह गर्न चुनौतीपूर्ण नै हुन्छ । चरित्रको गहिराइमा गएर काम गर्नुपर्ने हुन्छ ।

**आजको विचार...**



ज्ञानेन्द्र विवश

विपत्...

(दुई पेजमा)



टिकटक स्टार प्रिन्सीको 'जान देंगे तुम्हे'बोलको हिन्दी गीतको भिडियो एक साताअघि 'टी-सिरिज'कै अफिसियल युट्युब च्यानलमार्फत् सार्वजनिक भएको थियो । उक्त भिडियो आएसँगै धेरैले प्रिन्सीलाई बधाई दिइरहेका छन् । झण्डै ४० लाख भ्युज पाएको भिडियोलाई लिएर युट्युबमा आएका प्रतिक्रिया पनि अधिकांश सकारात्मक छन् । उनी भन्छिन् , 'टी-सिरिजजस्तो कम्पनीको प्रोजेक्टमा यसरी फिचर्ड हुन पाउनु मेरो लागि ठूलो कुरा हो । 'भिडियोको कमेन्ट सेक्सनमा पनि नेपालबाट कति धेरै जनाले प्रतिक्रिया दिनुभएको छ ।'

❑ वर्ष २९ ❑ अंक १३२ ❑ २०८० मंसिर २४ गते आइतबार 10 December 2023, Sunday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# मौलाउँदो भ्रष्टाचार, कमजोर सुशासन

रामचन्द्र रायमाझी

**पाल्पा,** मंसिर २३/नेपाल जस्तो विकासोन्मुख देशमा भ्रष्टाचारले एकपछिअर्को सीमा नाघ्दै गएको छ । ट्रान्सपरेन्सी इन्टरनेसनल (टिआई)ले २०२२ मा सार्वजनिक गरेको भ्रष्टाचार अवधारणा सूचकांकमा नेपाललाई ११० औं स्थानमा राखेको छ । भ्रष्टाचार नभएको सायदै यहाँ कुनै क्षेत्र होला । राज्यकोषको ढुकुटी चरमरुपमा दोहन गर्ने र बाह्य अनुदान एवं ऋण खोज्दै चाहर्ने प्रवृत्ति देशको मूल समस्याको रुपमा रहेको छ । भ्रष्टाचार हुनुमा सबैभन्दा बढी हात सार्वजनिक ओहोदामा बस्नेहरुको छ ।

पछिल्लो समय स्थानीय तहमा समेत भ्रष्टाचार मौलाएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेका उजुरी मध्ये एक तिहाई स्थानीय तहका मात्रै छन् । स्थानीय सरकारको नेतृत्वकर्ता स्वऐच्छाचारी ढंगले अगाडि बढ्दा बेथिति बढेको हो । उजुरी मात्रै होइन, जनप्रतिनिधिले मुद्दा समेत व्यहोर्नु परेको छ । घुस, सार्वजनिक सम्पत्तिको हानीनोक्सानी, गैरकानूनी लाभ वा हानी पुऱ्याउने काममा जनप्रतिनिधिहरु संलग्न रहेको पाइन्छ । जनताको सेवा गर्छु भनेर खटिएका जनप्रतिनिधिले गलत काम गर्दा जनविश्वास समेत गुम्न पुगेको छ । सार्वजनिक सेवा प्रवाह हुने ठाउँमा भ्रष्टाचार बढ्दै जानुले सुशासनलाई कमजोर बनाएको प्रष्ट हुन्छ । भ्रष्टाचार माथिल्लो तहका राजनीतिक वा प्रशासनिक नेतृत्वदेखि



तल्लो तहका राजनीतिक कार्यकर्ता र कर्मचारीसम्म भएको पाइएको छ । पारदर्शिता र जवाफदेहिताको कमीले दिनप्रतिदिन भ्रष्टाचारले प्रश्रय पाइरहेको राप्रपा पाल्पाका नेता देवेन्द्रबहादुर रायमाझी बताउँछन् । संविधानअनुरूप कानुन र नीति निर्माण भए पनि भ्रष्टाचार न्यूनीकरण र सुशासन कायम गराउनमा सरकार चुकेको उनको आरोप छ । नेता रायमाझीले भने,'सरकार आफैंले भ्रष्टाचारीहरूको संरक्षण गरेको छ, केही व्यक्तिलाई पक्राउ गरेझै गरे पनि त्यो प्रभावकारी बन्न सकेको छैन् ।' अहिले सरकार नियमनकारी भूमिकामा भन्दा पनि भ्रष्टाचारीको संरक्षणकारी भूमिकामा देखिँदा भ्रष्टाचार न्यूनीकरण र सुशासन कायम गराउन थप चुनौती देखिएको उनले बताए । भ्रष्टाचार नियन्त्रण र सुशासनका लागि दलका नेताहरूले सुन्ने प्रतिबद्धता जनाए पनि त्यसको पालना गर्न सकेका छैनन् । जसका कारण पछिल्लो समय संस्थागत र नीतिगत भ्रष्टाचार मौलाएको हो । **'भ्रष्टाचार अन्त्य गर्न सरकार प्रयत्नशील छ':** देशमा भ्रष्टाचार मौलाउँदै गएका बेला प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भने भ्रष्टाचार अन्त्य गर्न सरकार प्रयत्नशील रहेको दावी गरेका छन् । भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवस २०८० का सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले शनिबार गरेको कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले सरकार सामाजिक न्याय, सुशासन र समृद्धिको लक्ष्यसहित अगाडि बढिरहेको बताए । उनले भ्रष्टाचार नियन्त्रणका लागि सरकार दृढतापूर्वक अगाडि बढिरहेको धारणा व्यक्त गरेका छन् । शनिबार भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस विभिन्न कार्यक्रम गरी मनाइएको छ । संयुक्त राष्ट्रसंघको आह्वानमा हरेक डिसेम्बर ९ तारिखका दिन विश्वभर भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस मनाइने गरिन्छ । राष्ट्रसंघको महासभाले भ्रष्टाचार विरुद्ध संयुक्त रूपमा लड्न संयुक्त राष्ट्रसंघीय महासन्धि सन् २००३ मा पारित गरेको थियो । सन् २००५ देखि लागू भएको यो महासन्धिलाई नेपालले पनि अनुमोदन गरेको छ । महासन्धि अनुसार नै नेपालले सम्पत्ति शुद्धीकरण गठन गरेको छ । हरेक वर्ष भ्रष्टाचार विरुद्ध विभिन्न कार्यक्रम हुँदै आएका छन् । तर, यति हुँदा हुँदै पनि नेपालमा भ्रष्टाचार न्यूनीकरण हुन सकेको छैन । भष्टाचार गर्नेलाई राजनीतिक संरक्षण मिल्ने गरेकाले नेपालमा भ्रष्टाचार न्यूनीकरण हुन नसकेको ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालले जनाएको छ ।

## संक्षिप्त समाचार

### सीमामा भिडन्त हुँदा ६ को मृत्यु



(रासस/सिन्हुवा)

**बेरुत,** मंसिर २३/लेबनान-इजराइल सीमामा शुक्रबार भएको भिडन्तमा चार हिजबुल्लाह लडाकू र प्यालेस्टिनी इस्लामिक जिहाद (पिआइजे) अभियानका दुई सदस्य मारिएको लेबनानी सैन्य सूत्रले बताएको छ । दक्षिणी लेबनानमा सीमावर्ती इलाकालाई निशाना बनाएर गरिएको इजराइली बमबारीमा चार लेबनानी नागरिक र दुई लेबनानी सैनिक घाइते भएको नाम उल्लेख नगर्ने सर्तमा सूत्रले बतायो । दुई अलगअलग इजराइली आक्रमणमा चार हिजबुल्लाह लडाकू मारिएको सूत्रले उल्लेख गरेको छ । दक्षिण पश्चिम लेबनानको जङ्गली क्षेत्रलाई निशाना बनाएर गरिएको इजराइली आक्रमणमा पिआइजेका दुई सदस्यको मृत्यु भएको थियो ।

सैन्य सूत्रका अनुसार लेबनानको दक्षिणपश्चिममा २६ र दक्षिणपूर्वका १५ सहर र गाउँमा इजराइलले बमबारी गरेको छ । यसैबीच आ्ना लडाकूले इजराइलका सात स्थानमा आक्रमण गर्दा एक जनाको मृत्यु भएको र अन्य एक घाइते भएको हिजबुल्लाहले बताएको छ ।

# कॉंग्रेस पाल्पा सम्मेलनको तयारी तीव्र

## देउवासहितका नेता तानसेन आउँदै

**पाल्पा,** मंसिर २३/ यही मंसिर ३० गते पाल्पाको सदरमुकाम तानसेनस्थित टुँडिखेलमा हुन गइरहेको नेपाली कँग्रेस पाल्पा सम्मेलनको तयारी तीव्र पारिएको छ । सम्मेलनलाई भव्य रूपमा सम्पन्न गर्न सभापति हिमालदत्त श्रेष्ठको संयोजकत्वमा मूल समारोह समिति र विभिन्न उपसमिति गठन गरी तयारी तीव्र पारिएको हो ।

पार्टीलाई सशक्त र क्रियाशील बनाएर अगाडि बढाउन प्रथम जिल्ला सम्मेलन गर्न लागिएको पार्टी सभापति हिमालदत्त श्रेष्ठले बताए । उनले भने,'पार्टीलाई जनतासँग जोड्ने हाम्रो अभियान, काँग्रेस निर्माणका लागि जिल्ला सम्मेलन' भन्ने मुख्य नारासहित सम्मेलन गर्न लागिएको हो ।' सम्मेलनले नेपाली काँग्रेसको विरासतको संरक्षण गर्ने सभापति श्रेष्ठले बताए । उनले राष्ट्रियता, प्रजातन्त्र, समाजवादको रक्षा गर्दै मुलुकमा शान्ति र सुशासन कायम राख्न सम्मेलनले वर्तमानको समीक्षा गर्दै भावी कार्यदिशालाई अगाडि बढाइ काँग्रेसको नेतृत्वलाई अझै सबल र सक्षम गराउने विश्वास प्रकट गरे । सम्मेलनको काँग्रेसका केन्द्रीय पार्टी सभापति एवं पूर्व प्रधानमन्त्री शेरबहादुर




देउवाले उद्घाटन गर्ने कार्यक्रम रहेको छ । सम्मेलनलाई सम्बोधन गर्न सभापति देउवासहित वरिष्ठ नेता शेखर कोइराला, महामन्त्रीद्धय गगन थापा र विश्वप्रकाश शर्मा पनि आउने छन् । सम्मेलनका लागि विभिन्न राजनीतिक, आर्थिक र सांगठनिक प्रतिवेदन पेस हुनेछ । सम्मेलनको तयारी तीव्र पारिएको पार्टी सचिव सन्तोष थापा मगरले जानकारी दिए । उनका अनुसार सम्मेलनलाई भव्य रूपमा सम्पन्न गर्न विभिन्न उपसमिति गठन गरिएको छ । पार्टी उपसभापति झपेन्द्र गहिरेको संयोजकत्वमा स्वागत तथा सम्मान समिति गठन गरिएको छ । जसको सदस्यहरुमा पार्टी प्रवक्ता शोभाकर न्यौपाने, पूर्व क्षेत्रिय सभापति रामबहादुर कार्की, इन्द्रिरा भट्टराई रहेका छन् । अर्का उपसभापति ज्ञानबहादुर गाहाको संयोजकत्वमा अतिथि सत्कार तथा समन्वय समिति गठन गरिएको छ । जसको सदस्यहरुमा क्षेत्र नं १ का क्षेत्रिय सभापति झमन बहादुर राज मगर, क्षेत्र नं २ का क्षेत्रिय सभापति मुक्तिराम जिसी, कमल राना, गीता भट्टराई छन् । यस्तै प्रचार-प्रसार समितिको संयोजकमा पार्टी सचिव सन्तोष थापा मगर रहेका छन् । जसको सदस्यहरुमा अर्का पार्टी सचिव सुनिता अधिकारी, तारा रसाईली, विक्रम सिंह ठकुरी, प्रेस युनियनमा आवद्ध सम्पूर्ण पत्रकार, राधेश्याम ज्ञवाली, विष्णुप्रसाद पाण्डे छन् । कोषाध्यक्ष मोहनप्रसाद श्रेष्ठको संयोजकत्वमा आर्थिक व्यवस्थापन समिति गठन गरिएको छ । जसमा हमिद मिया,रमणबहादुर थापा, सन्तोषलाल श्रेष्ठ, रुक्मागत भट्टराई, कान्ता अधिकारी, लालबहादुर थापा, मीना पन्थी र शैलेन्द्र भट्टराई रहेका छन् । मञ्च व्यवस्थापन समितिको संयोजकमा विश्व अर्याल रहेका छन् ।

-...बाँकी अन्तिम पेजमा

# आज अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाइँदै

**पाल्पा,** मंसिर २३/ आज अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाइँदै छ । हरेक वर्ष १० डिसेम्बरको दिन नेपालसहित विश्वभर विश्वभर मानव अधिकार दिवस मनाउने गरिन्छ । मानवीय मूल्य, मान्यता, मानव सभ्यता तथा मानव अधिकार संरक्षणप्रतिको प्रतिबद्धता लोकतान्त्रिक व्यवस्था, दिगो शान्ति र विकासको आधारस्तम्भ रहेको तथ्यलाई स्वीकार गर्दै संयुक्त राष्ट्र संघको महासभाले १० डिसेम्बर, १९४८ का दिन मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी गरेको थियो । मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी गरिएको यसै दिनको सम्झना स्वरूप प्रत्येक वर्ष आजको दिनलाई विश्व समुदायले महत्वपूर्ण दिवसको रूपमा मनाउँदै आएको छ । लम्बिदो संक्रमणकाल र राजनीतिक अस्थिरताको कारण नेपालमा मानव अधिकारको अवस्था कमजोर हुँदै गएको छ । विधिको शासनको अभावले गर्दा लामो समयअघिका पीडितले समेत न्याय पाउन सकेका छैनन् । विगत दशवर्षे सशस्त्र युद्धको समयमा ठूलो संख्यामा हत्या, हिंसा तथा अपहरण जस्ता मानव अधिकार हनन्का घटनाहरु भएका थिए । युद्धका घाउमा मल्हम लगाउने उद्देश्यले सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता छानविन आयोग गठन गर्ने भनिए पनि गठन हुन सकेका छैनन् । द्वन्द्वको कालखण्डमा सन् २००३ र २००४ नेपाल विश्वमै सर्वाधिक नागरिक बेपत्ता पारिने मुलुक नै बन्न पुगेको थियो । मुलुक संक्रमणकालमा गुज्रिनुका साथै नयाँ संविधान जारी हुन नसक्दा मानव अधिकारको अवस्था जोखिमपूर्ण रहेको अधिकारकर्मीहरु बताउँछन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## भ्रष्टाचारको जन्जिर तोडौं

हरेक वर्षको डिसेम्बर ९ मा भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस मनाउने गरिन्छ । शनिबार नेपालमा पनि विविध कार्यक्रम गरी यो दिवस मनाइएको छ । राष्ट्रसंघले सन् २००३ मा भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि पारित गरे पछि विश्वभर यो दिवस मनाउन थालिएको हो । नेपालले सन् २०११ मा महासन्धीलाई अनुमोदन गरेको थियो । भ्रष्टाचार अन्त्यका लागि हरेक वर्ष यो दिवस मनाउने गरिए पनि भ्रष्टाचारको अन्त्य भने हुन सकेको छैन । बरु झन् मौलाउदै गएको छ । सरकारी, सार्वजनिक तथा निजी क्षेत्रहरू भ्रष्टाचारको दलदलमा छन् । जसले गर्दा मुलुकको विकास र समृद्धिले फड्को मार्न सकिरहेको छैन् । भ्रष्टाचार रोक्न महामानवरूपी शासक चाहिएको छ तर, विडम्बना नेपाल र नेपालीले त्यस्ता असल शासकहरू पाउन सकेका छैनन् ।

भ्रष्टाचारले गर्दा जनतामा चरम नैरास्य छाएको छ । भ्रष्टाचार कुनै मुलुक विशेषको मात्रै नभई यो अन्तर्राष्ट्रिय समस्या बनेको छ । आर्थिक र सामाजिक विकासमा ठूलो बाधक देखिएको छ । कमबेसी मात्र हो, भ्रष्टाचार धनी तथा गरिब दुवै खालका मुलुकमा विद्यमान छ । त्यसैले पनि भ्रष्टाचार विरुद्धको लडाइँ विश्वको चासो र सरोकारको विषय बनेको छ । विशेषगरी भ्रष्टाचारले गरिब र विपन्न नागरिकलाई बढी मात्रामा प्रभाव पारेको छ । भ्रष्टाचारले मुलुकमा राजनीतिक अस्थिरता बढाउनुका साथै लामो संक्रमणकालबाट गुज्रिएका मुलुकमा गरिबी झन् बढेको देखिन्छ । पछिल्लो समयमा त भ्रष्टहरूले सूचना प्रविधिलाई समेत दुरुपयोग गर्ने हैसियत बनाइसकेका छन् । क्षणभरमै राष्ट्रको ढुकुटी रित्तिन सक्ने अवस्था आएको छ । नेपाल विश्वको अत्यधिक भ्रष्टाचार हुने मुलुक मध्येमा पर्छ । भ्रष्टाचार अन्त्य गरिनुपर्नेमा राजनीतिक दलहरु एक हुन्छन् तर, उनीहरु मध्येकै बहुसंख्यक भ्रष्टाचारी छन् । यो अत्यन्त दुखको कुरा हो । भ्रष्टाचारीलाई सामाजिक बहिष्कारको प्रचलन छैन् । जसले गर्दा उनीहरुले झन प्रश्रय पाईरहेका छन् । दैनिक जसो रुपमा देशमा भ्रष्टाचार हुने गरेका घटनाहरु बाहिर आएका हुन्छन् तर तिनीहरुलाई सशक्त रुपमा कारवाही हुन सकिरहेको छैन् । सबैले आ-आफ्नो ठाउँबाट सक्दो प्रयास गर्ने हो भने भ्रष्टाचार रोक्नलाई कुनै समस्या छैनन् । घुस माग्नेहरुबाट नै सजग हुने हो भने केही हदसम्म भए पनि भ्रष्टाचार कम गर्न सकिन्छ । भ्रष्टाचार विरुद्ध हरेक नागरिक सचेत बनौ, गाउँपालिका र नगरपालिकाहरुमा विकास निर्माणको लागि छुट्याइएको बजेटको दुरुपयोग हुनबाट जोगाइ सहि ठाउँमा सदुपयोग गरौं । तसर्थ भ्रष्टाचारमुक्त समाज निर्माण गरी देशको विकास र समृद्धिका लागि भ्रष्टाचारको जन्जिरलाई तोड्न सबै एक जुट बनौं ।

## Opinion @ Social Network

अभावहरू टाल्दा-टाल्दै रहरहरु च्यातिएका छन्
कसरी गरौं म भविष्यको चिन्ता, यहाँ वर्तमान त अलपत्रमा परेको छ ।
*(सरस्वती डङ्गोलको फेसबुक स्टाटस https://www.facebook.com/saraswati.dangal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# विपत् र जोखिम न्यूनीकरण कसरी गर्ने ?



**ज्ञानेन्द्र विवश**

भूकम्पका साथै घरमा आफ्नै असावधानीले विद्युत्, ग्यासको प्रयोगले जनजीवन जोखिमपूर्ण बनिरहेको छ । प्रत्येक क्षण, हरेक पल, हाम्रा पाइला-पाइलामा मृत्युले पछ्याइरहेको हुन्छ । कालगतिले भन्दा पनि हिजोआज अकालमा जीवनले मरणको शरण लिइरहेको छ । यस्तो डरलाग्दो परिस्थितिको सामना गर्दै हामी बाँचिरहेका छौँ । अनेकौँ तनाव, दुःख, पीडा, अभावका हैरानी छँदै छन् । यी सबैबाट मुक्त, उन्मुक्त जीवन बाँच्न कोही कसैले सक्दैन । पैसाले आपत्-विपत् रोक्दैन । शक्ति, पद, धन, मन, जनसागरले कसैले पनि विपत्लाई खेलाँची ठानेर जिउज्यान जिउँदो रहिरहन सक्दैन । सावधानी अपनाउन सक्दा छायाजस्तै पछ्याउँदै आएको मृत्युलाई परास्त गर्न सकिन्छ । अप्रत्याशित हुने घटनालाई न्यूनीकरण गर्न सकिन्छ । होसले काम गर्छ । बेहोसीले बर्बाद र बिगार गर्छ । हरेक क्षण, हरेक क्षेत्रमा जोखिम छ तर जोखिमसँग जोरी खोज्नु हुँदैन रहेछ । त्यसैले अब विपत्का घटनाको जोखिमलाई न्यूनीकरण गर्नु तथा जोखिम व्यवस्थापनमा गम्भीर हुनु अति आवश्यक भइसकेको छ । यिनै कुरालाई मनन गरी सरकारले विभिन्न ऐन-नियम, नियमावली, समिति आदि गठन गरेको सन्दर्भ यहाँ स्मरणीय हुन्छ । यस्ता घटनाको उद्धार कार्यमा सेना, प्रहरी, रेडक्रस, विभिन्न समुदाय, विविध समितिका पदाधिकारीसहित स्थानीय तहले महत्त्वपूर्ण भूमिका खेल्दै आइरहेका छन् ।

आपत्-विपत् अचानक हुन्छ । भवितव्य भन्ने कुरा कसैलाई थाहा हुँदैन । कहिले के हुन्छ ? कुन बेला कस्तो घटना घट्छ ? अप्रत्याशितको दुर्घटनाले जनधनको क्षति गराउँछ । यसलाई कसैले रोकेर रोक्न सकिँदैन । कसैले नआइज भनेर नआउने र आइज भनेर आउने होइन यो विपत् । जहाँ पनि जहिले पनि आपत्-विपत्को सम्भावना रहिरहेको हुन्छ ।

दैवी विपत्तिका घटनाले कतिको ज्यान जान्छ । कतिको जीवन-संसार नै शून्य हुन्छ । रुवाबासी, शोक र सुर्ताले बाँच्नेहरूको जीवन पनि अत्यन्तै पीडादायी हुन्छ । खासगरी हामीले भूकम्प, आगलागी, सवारी दुर्घटनाजस्ता विपत्तिकै सामना गर्दै आइरहेका छौँ । यद्यपि यी सबै घटना हाम्रै कारणले घटित भइरहेका हुन्छन् भन्ने कुरालाई हामीले अब भने राम्रैसँग मनन-महसुस गर्नुपर्ने समय भइसकेको छ । भनौँ न भूकम्पले घर भत्किँदा अपूरणीय मानवीय क्षति व्यहोर्नुपर्छ । तर यस्तो क्षति भूकम्पले भन्दा पनि हामीले बनाएको घर भत्केर जीवनले मृत्युवरणको अवस्था भोग्नुपर्छ । केही महिनादेखि पश्चिम नेपालका जाजरकोट, रुकुममा भूकम्पले ज्यान गुमाउनेको कारण खोतल्दा आफैँले बनाएको घरले किचिएर, थिचिएर, पिल्सिएर मृत्यु भएका छन् । विपत्का यस्तै अचानक घट्ने घटनाले हाम्रो जीवन झन्-झन् जोखिममा पर्दै गइरहेको छ । भूकम्पका साथै घरमा आफ्नै असावधानीले विद्युत्, ग्यासको प्रयोगले जनजीवन जोखिमपूर्ण बनिरहेको छ । प्रत्येक क्षण, हरेक पल, हाम्रा पाइला-पाइलामा मृत्युले पछ्याइरहेको हुन्छ । कालगतिले भन्दा पनि हिजोआज अकालमा जीवनले मरणको शरण लिइरहेको छ । यस्तो डरलाग्दो परिस्थितिको सामना गर्दै हामी बाँचिरहेका छौँ । अनेकौँ तनाव, दुःख, पीडा, अभावका हैरानी छँदै छन् । यी सबैबाट मुक्त, उन्मुक्त जीवन बाँच्न कोही कसैले सक्दैन । पैसाले आपत्-विपत् रोक्दैन । शक्ति, पद, धन, मन, जनसागरले कसैले पनि विपत्लाई खेलाँची ठानेर जिउज्यान जिउँदो रहिरहन सक्दैन । सावधानी अपनाउन सक्दा छायाजस्तै पछ्याउँदै आएको मृत्युलाई परास्त गर्न सकिन्छ । अप्रत्याशित हुने घटनालाई न्यूनीकरण गर्न सकिन्छ । होसले काम गर्छ । बेहोसीले बर्बाद र बिगार गर्छ । हरेक क्षण, हरेक क्षेत्रमा जोखिम छ तर जोखिमसँग जोरी खोज्नु हुँदैन रहेछ । त्यसैले अब विपत्का घटनाको जोखिमलाई न्यूनीकरण गर्नु तथा जोखिम व्यवस्थापनमा गम्भीर हुनु अति आवश्यक भइसकेको छ । यिनै कुरालाई मनन गरी सरकारले विभिन्न ऐन-नियम, नियमावली, समिति आदि गठन गरेको सन्दर्भ यहाँ स्मरणीय हुन्छ । यस्ता घटनाको उद्धार कार्यमा सेना, प्रहरी, रेडक्रस, विभिन्न समुदाय, विविध समितिका पदाधिकारीसहित स्थानीय तहले महत्त्वपूर्ण भूमिका खेल्दै आइरहेका छन् । यसै सन्दर्भमा गत साता काठमाडौँ महानगरपालिका, विपत् व्यवस्थापन विभागले विपत् जोखिम न्यूनीकरणका लागि तीनदिने (मङ्सिर १५-१७ गते) तालिम कार्यक्रम चितवन र पोखरा आयोजना गरेको थियो । कार्यक्रममा 'सहरीकरणसँगै बढेका विद्युत्जन्य दुर्घटना नेपालका लागि चुनौती र न्यूनीकरण' विषयमा अमृत साइन्स कलेजका प्राध्यापक डा. श्रीराम शर्माको प्रस्तुतिले चसक्क चस्का दियो । उनका अनुसार, प्रकोपका अनेक प्रकार छन्, प्राकृतिक, जैविक, प्राविधिक र अन्य । यीमध्ये ८० प्रतिशत घटना विद्युत्जन्य कारणले हुन्छ । १२ प्रतिशत ग्यासका कारण दुर्घटना घट्छ । बाँकी आठ प्रतिशत अन्य विविध कारणले विपत् आइपर्छ । सामान्य कुराले पनि ठुलो दुर्घटना निम्त्याउन कुनै कसर बाँकी राख्दैन । शर्माका अनुसार, हाम्रो सानो गल्ती वा असावधानीका कारण विद्युत्जन्य दुर्घटना घरभित्रै हुन सक्छन् । जस्तो : विद्युत्का पुराना तथा जीर्ण सामग्रीको प्रयोग गर्नु, विद्युतीय उपकरणका प्लगहरूलाई अर्थिङ नगर्नु, विद्युतीय प्लग आदिका नजिकमा ज्वलनशील पदार्थलाई भण्डारण गर्नु, मल्टिप्लगको अनुचित प्रयोग वा दुरुपयोग गर्नु, कमसल गुणस्तरका तार वा उपकरणको प्रयोग गर्नु आदि ।

विद्युतीय गडबडीका अदृश्य तर खतरनाक गम्भीर परिणामहरू घट्छन्, घटिरहेका छन् । विद्युत्बिनाको संसार कल्पनै गर्न सकिँदैन तर यही विद्युत् प्रयोगको असावधानीले अप्रत्याशित मृत्यु समेत भोग्नुपर्ने हुन्छ । 'भूकम्पीय जोखिम न्यूनीकरण' विषयमा डा. गोपीकृष्ण बस्यालले प्रस्तुति दिएका थिए । उनका अनुसार, कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिका साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक सबै घटनालाई विपत् सम्झिनुपर्छ । यस्तै, विपत् व्यवस्थापन वा विपत् न्यूनीकरण भन्नाले विपत् जोखिम न्यूनीकरण, विपत् प्रतिकार्य, विपत् पुनर्लाभसँग सम्बन्धित क्रियाकलापलाई सम्झनुपर्छ । कार्यक्रममा विज्ञ स्रोत व्यक्तिहरूको प्रस्तुति निकै ज्ञानवर्धक रह्यो । महानगरका प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारीले सुरुमा आफू तीनवटा आपत्कालीन विपत्तिबाट बाँच्न सफल भएको अनुभव सुनाए । विपत्तिबाट कहिले अञ्जानले पनि बच्न सकिने र कहिले जानेको कुराको उपयोगले पनि बाँच्न सकिने उदाहरण उल्लेख गरे । काठमाडौँमा ठुलो भूकम्प आयो भने अधिकांश घरहरू ध्वस्त हुने, पानीका स्रोत बन्द हुने, बाटोघाटो केही नहुने, सञ्चार सुविधा ठप्प हुने, मान्छेलाई बस्ने ठाउँ नहुने, खानेकुराको अभाव हुने, खुला ठाउँ नरहने आदि अत्यन्तै संवेदनशील सम्भावनाको सङ्केत समेत उनले गरे । उनका अनुसार, सुरक्षित रहन सक्ने पूर्वतयारी हामीले केही गर्न नसक्ने होइन । तर यसका लागि अहिल्यैबाट सचेतना अभियान थालनी गरिनुपर्छ । महानगरपालिकाले आफ्ना ३२ वटै वडाहरूमा 'वडा विपत् व्यवस्थापन समिति' गठन गरेको छ । सो समितिलाई वडामा हुने विपत् व्यवस्थापन, विपत् जोखिम न्यूनीकरण कम गर्ने जिम्मेवारी छ । तर उचित वातावरण निर्माण हुन सकिरहेको छैन । मूलत: यस कार्यमा जनप्रतिनिधि, स्थानीय संघसंस्था, समुदाय र समितिका सबै सदस्यका लागि कुनै पनि किसिमका विपत् जोखिम न्यूनीकरणका विषयमा विशेष जानकारी हुनु अति जरुरी छ ।

वास्तवमा सिकाइ भन्ने कुरा जहाँ, जहिले र जोबाट पनि सिक्न सकिन्छ । सिकेर कहिल्यै सकिँदैन । आफ्ना आवश्यकतासँगै जिज्ञासासँग जोडिएको विषय सिक्ने क्रम बाल्यकालदेखि जीवनपर्यन्त नै रहिरहन्छ । अझ जीवनकै सुरक्षाका निम्ति, बाँच्ने र बचाउने उपायको सिकाइमा सरिक हुने चाहना पनि सबैको हुन्छ । आफूले सिकेको कुराबाट आफूलगायत अर्को एकजना व्यक्तिलाई मात्रै पनि बचाउन सकियो भने त्यो सिकाइको सफलता रहन्छ । त्यो ठुलो कर्म, धर्म बन्छ । तथ्याङ्कले जनाए अनुसार विश्वको तीन चौथाइ जनसङ्ख्याले अनपेक्षित प्राकृतिक विपत् व्यहोर्दै आएको छ । मानिस बसोबास गर्ने पृथ्वीको एक चौथाइ जमिन अनेक किसिमका विपत्को जोखिममा छ । त्यसमा पनि गरिब देश र त्यस देशमा बसोबास गर्ने गरिब समुदाय नै प्रकोपबाट सबैभन्दा बढी प्रभावित हुन्छन् । भनिन्छ, विश्वका अति प्रकोप जोखिम देशहरूमध्ये नेपाल एक हो । गरिब देशका विपन्न समुदाय विपत्बाट अत्यधिक प्रभावित छन् । विपत्सँग सामना गर्ने उनीहरूको क्षमता न्यून छ । प्रकोपको विध्वंसले २०७२ को भूकम्पमा हामी नै खुला आकाशमुनि रात बिताउन विवश भयौँ ।

**-रातोपाटी डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : भाग्यले विभिन्न अवसर जुराउनेछ । शुभ कार्यको चर्चा पनि चल्नेछ । | **तुला** : श्रमको उचित मूल्याङ्कन हुनेछ । स्वास्थ्यमा सुधार आउला । |
| **वृष** : कूटनीतिक नियोगको सहयोग मिल्नेछ। वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ। | **वृश्चिक** : कार्यमा बाधा आउनेछ । साँझमा खर्च बढ्न सक्छ । |
| **मिथुन** : चुनौती चिर्दै काम बनाउन सकिनेछ । आतिथ्यपूर्ण सम्मान पाइएला । | **धनु** : मनोरञ्जनमा सहभागीता भइएला । धन आर्जनको अवसर छ । |
| **कर्कट** : दाम्पत्य जीवन सुखमय हुनेछ । बोलीले अरुको मन जित्न सकिनेछ । | **मकर** : शत्रुहरू किनारा लाग्नेछन् । चिताएको कामले तीव्रता लिनेछ । |
| **सिंह** : मेहनतीहरूका लागि दिन फलदायी रहनेछ । मुद्दा-मामिलामा विजयी भइनेछ । | **कुम्भ** : शुभकार्यको चर्चा चल्नेछ । साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । |
| **कन्या** : ताकेको कार्य पुरा होला । सभा समारोहमा भाग लिनु पर्नेछ । | **मीन** : मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । सहयोग पाईनेछ । |

# रुसी सेनामा कार्यरत पाल्पाका पौडेल सम्पर्कविहिन

**कृष्ण पोखरेल**



**पाल्पा,** मंसिर २३/रुसी सेनामा कार्यरत पाल्पाको रैनादेवी छहरा गाउँपालिका -३ भुवनपोखरी रुगका विष्णुबहादुर पौडेल सम्पर्कविहिन भएका छन् । एक महिना अघि रुसी सेनामा भर्ना भई युक्रेन सिमानाको युद्धमा खटिएका पौडेल एक हप्ता देखी परिवारबाट सम्पर्कविहिन भएका हुन् ।

सम्पर्कविहिन पौडेल विरामी भएपछि युक्रेन सिमा नजिकै अस्पतालमा भर्ना भएको जानकारी प्राप्त भएको भाइ प्रदिप पौडेलले बताए । अस्पतालमा फोन सम्पर्क गर्न नपाउने अवस्थामा विरामी परेका पौडेलले लुकेर घरपरिवारमा समय-समयमा सम्पर्क गरे पनि एक हप्तादेखी कुनै सम्पर्क नभएको भाइ पौडेलको भनाई छ । उनले दाईको उद्धार गरिदिन नेपाल सरकारसँग आग्रह समेत गरेका छन् । श्रीमानले अस्पतालबाट सम्पर्क गरे पनि कुन अस्पतालमा भर्ना भएको हो भन्ने बारे जानकारी दिन नसकेको निजकी श्रीमति सुमित्रा रायमाझी पौडेलले बताईन । विष्णु गएको असोज २९ गते नेपालबाट रुस गएका थिए । रुस गएको केही समयपछि नै उनी रुसी सेनामा भर्ना भएका थिए । रुसमा बैदेशिक रोजगारमा नजान अनुरोध गरे पनि विभिन्न एजेन्टको माध्यमबाट श्रीमान रुस पुगेको श्रीमति सुमित्राले बताईन । ३ नोभेम्बर २०२३ मा विष्णुलाई रुसी सेनामा भर्ना भएको नियुक्ति पत्र दिइएको थियो । त्यसपछि उनलाई युक्रेनमा सीमामा खटाइएको थियो । उनलाई दिइएको नियुक्ति पत्रमा रुसी राइफल म्यानको जिम्मेवारी दिइएको छ । पौडेललाई रोस्टभ रिजनको पेरसिअनोस्कि गाउँमा खटाएको नियुक्तिपत्रमा उल्लेख गरिएको श्रीमती सुमित्राले बताईन । श्रीमानलाई उद्धार गरी स्वदेश फिर्ता गरिदिन श्रीमती सुमित्राले पनि सरकार र नेपाली दुतावासलाई अनुरोध गरेकी छन् । युक्रेन सिमामा हिउँ परेको अत्याधिक चिसोको कारण विष्णुलाई छाती दुख्ने, तथा फोक्सोमा समस्या आएपछि अस्पताल भर्ना भएको पारिवारिक स्रोतले जनाएको छ । 'अस्पतालबाट लुकि छिपि समय-समयमा छोटो छोटो कुराकानी भएको थियो । एजेन्टमार्फत रुसी सेनामा भर्ना भए पनि श्रीमानले रुसी सेनाबाट छुटकारा पाई नेपाल फर्किने इच्छा देखााउनु भएको थियो, भाग्न मिल्ने अवस्था छैन, २० वर्ष कैद हुन्छ जे जसरी हुन्छ पहल गरिदिन अनुरोध गर्नुभएको थियो तर एक हप्ता देखी सम्पर्कमै हुनुहुन्न' श्रीमती सुमित्राले भनिन् । पौडेल नेपाली सेनाको जागिरबाट ३ बर्ष अघिमात्र अवकाश पाएका थिए । पौडेल वैदेशिक रोजगारीकै सिल सिलामा विभिन्न एजेन्टमार्फत रुसमा पुगेका हुन । पौडेलकी श्रीमती रैनादेवी छहरा वडा नं ३ भुवनपोखरीमा बस्दै आएकी छन । पौडेलका एक छोरा एक छोरी रहेका छन् ।

# लुम्बिनीमा भारत–नेपाल सांस्कृतिक महोत्सव



**लुम्बिनी (मर्चवार),** मंसिर २३/ नेपालस्थित भारतीय राजदूतावासले लुम्बिनी विकास कोष र लुम्बिनी बौद्ध विश्वविद्यालयसँगको सहकार्यमा लुम्बिनीमा भारत-नेपाल सांस्कृतिक महोत्सव आयोजना गरेको छ । महोत्सवमा बौद्ध धर्मलाई केन्द्रमा राखी भारत र नेपालको समृद्ध सांस्कृतिक सम्पदा तथा परम्परा प्रस्तुत गरिएको थियो । महोत्सवको संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराती, र लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरी नेपालका लागि भारतका लागि राजदूत नवीन श्रीवास्तवले संयुक्त रूपमा उद्घाटन गरेका हुन् । कार्यक्रममा मन्त्री किरातीले महोत्सवका माध्यमबाट दुई देशबीचको बलियो सांस्कृतिक एवं ऐतिहासिक सम्बन्धलाई अझ सुदृढ बनाउन सकिने बताए । शताब्दीऔँ पुरानो नेपाल र भारतबीचको जनस्तरको सम्बन्धलाई यस्ता महोत्सवले अझ सुमधुर बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताए । राजदूत श्रीवास्तवले हरेक वर्ष लुम्बिनीमा यस्ता महोत्सव आयोजना गरिने बताउँदै त्यसबाट दुवै देशका साझा सम्पदा, परम्परा र संस्कृतिबारे नेपाली र भारतीयलाई जानकारी हुने र त्यसले एकअर्कालाई नजिक ल्याउन सहयोग गर्ने विचार व्यक्त गरे । यसैबीच, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा आन्दोलनरत पक्षसँग कुरा गर्दै मन्त्री किरातीले देश कठिन अवस्थामा रहेका बेला आन्दोलन त्याग्न आग्रह गरे । उनले नेपाल वायु सेवा निगमसँग पर्याप्त हवाईजहाज नभएकाले लिजमा लिएर भए पनि चाँडोभन्दा चाँडो भैरहवाबाट उडान गर्ने सोचमा सरकार रहेको बताए । मन्त्री किरातीले दैनिक चार वटाभन्दा बढी अन्तर्राष्ट्रिय उडान गर्ने कम्पनीले एउटा उडान अनिवार्यरुपमा भैरहवाबाट गर्नुपर्ने नियम सरकारले बनाउने बताए ।

**-रासस**

# काँग्रेस पाल्पा...

...जसको सदस्यहरुमा विनायक महर्जन, रवि गुरुङ्ग, युवराज चिदी छन् । यस्तै गिरीजा गैरेको संयोजकत्वमा खाजा तथा जलपान समिति गठन भएको छ । जसको सदस्यहरुमा महेश्वर श्रेष्ठ, बाबुरत्न शाक्य, अमर राना, इन्द्रिरा राना रहेका छन् । विष्णु माया थापाको संयोजकत्वमा परिचयपत्र दर्ता व्यवस्थापन समिति गठन गरिएको छ । जसमा कृष्ण गहतराज, लक्ष्मण घिमिरे रहेका छन् । चेतना थापाको संयोजकत्वमा सांस्कृतिक व्यवस्थापन समिति गठन गरिएको छ । जसमा रेखा विष्ट, कमल भट्टराई, सुमन थापा र चेत कुमार रहेका छन् । यस्तै सुरेश बोहोराको संयोजकत्वमा स्वयसेवक व्यवस्थापन समिति गठन गरिएको छ । जसमा युवराज चिदी, दिनेश गन्दर्भ, कृष्ण अर्याल, सुवास गैरै, राजकुमार श्रेष्ठ रहेका छन् । प्रमाणपत्र व्यवस्थापनतर्फको संयोजकमा शोभाखर न्यौपाने, सदस्यहरुमा पुरुषोत्तम अर्याल, कृष्ण गहतराज, पुस्कर राज रेग्मी, शारदा खनाल छन् । यस्तै अनुगमन समितिको संयोजकत्वमा कृष्णप्रसाद बस्याल रहेका छन् । जसमा जनक गाहा, सुवि विक, बुद्धीप्रकाश रेग्मी छन् । भातृ तथा शुभेच्छुक संस्था परिचालन समितिको संयोजकमा माधव नेपाल रहेका छन् । जसमा मेजरसिं केसी, शंकर रायमाझी, लक्ष्मण हिताङ, हिमाल मल्ल छन् । यस्तै विधान श्रेष्ठको संयोजकत्वमा नीति तथा कार्यक्रम तयारी समिति गठन गरिएको छ । जसमा लालु राना र राम कार्की सदस्य छन् । सावित्रा गौतमको संयोजकत्वमा फूलमाला तथा व्याज व्यवस्थापन समिति गठन गरिएको छ । जसमा रिता गौतम, हिमाल मल्ल, मुक्तिराम बस्याल रहेका छन् । यस्तै स्वास्थ्य डेस्क समितिको संयोजकत्वमा डा. माधव थापा रहेका छन् । गठित समितिहरुले कामलाई तीव्रता दिएका छन् । सम्मेलनमा पूर्व जिल्ला सभापति र अक्षकोष दाताहरुलाई सम्मान समेत गरिने पाटी सचिवालयले जनाएको छ ।

## खेलकुद समाचार

# धनगढीले टाऱ्यो इलामसँगको हार



**काठमाडौं,** मंसिर २३/नेपाल सुपर लिग (एनएसएल) मा अग्रता जोगाउन नसक्दा स्पोर्टिङ इलामले धनगढी एफसीसँग २-२ गोलको बराबरी खेल्दै अंक बाँडेको छ । पहिलो हाफमा २-० को अग्रता बनाएको इलामले दोस्रो हाफमा दुई गोल खाएको हो । धनगढीले २ गोलले पछि परिसकेको अवस्थामा खेलमा फर्किँदै हार टारेको छ । खेलको ४५ औं मिनेटमा इलामका फोडे कमाराले गोल गर्दै टिमलाई अग्रता दिलाएका थिए ।

पहिलो हाफमा थपिएको इन्जुरी समयमा ओमार मासादाफी रहिमले गोल गरेपछि इलाम बलियो अवस्थामा पुगिसकेको थियो । तर ६९ औं मिनेटमा इलामका खेलाडी इब्राहिमले धनगढीका फोडे फोफानालाई पेनाल्टी एरियामा फल गरेपछि धनगढीले पेनाल्टी पायो । जसलाई रिचर्ड ओसेईले सहजै गोल गरे । त्यसपछि ८३ औं मिनेटमा फोडे फोफानाले मैदानको दायाँ भागबाट दिएको क्रसमा आफिज ओलावालेले हेडर गोल गरेर खेल बराबरीमा ल्याएका थिए । एनएसएलमा धनगढीको यो लगातार दोस्रो बराबरी हो । पहिलो दुई खेल जितेको धनगढीले त्यसपछिका दुई खेलमा बराबरीको नतिजा ल्याएर ८ अंक जोड्दै पोखरासँग अंक बराबरी गरेको छ । गोल अन्तर समेत बराबरी भएपछि धेरै गोल गरेको आधारमा धनगढी शीर्ष स्थानमा पुगेको छ । इलामको भने यो पहिलो बराबरी हो । खेलेका पाँच खेलमध्ये इलामले एउटा खेल जितेको छ भने अरु तीनवटा हारेको छ । ४ अंक जोडेको ऊ लिगको छैटौं स्थानमा उक्लिएको छ ।


**वर्गिकृत डिस्प्ले**


**१ X ५ साइजमा मात्र**

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

**सम्पर्क: ०७५-५२०६०१**


## अर्थ/कर्पोरेट समाचार

# आलु, प्याज र स्याउमा भ्याट नलाग्ने



**पाल्पा,** मंसिर २३/आलु, प्याज, स्याउमा मूल्य अभिवृद्धि कर (भ्याट) नलाग्ने भएको छ । आन्तरिक राजस्व विभागले नेपालमै उत्पादन भएका यी वस्तुहरुमा भ्याट नलाग्ने बताएको हो । आन्तरिक राजस्व विभागले भने एक सूचना जारी गर्दै आन्तरिक उत्पादनमा भ्याट नलाग्ने स्पष्ट पारेको छ । 'आलु प्याजलगायत नेपालमा उत्पादन हुने कृषिजन्य वस्तुमा मूल्य अभिवृद्धि कर (भ्याट) लागेकाले बजारमा सहज आपूर्ति हुन नसकेको भन्ने विभिन्न सञ्चार माध्यममा आएका समाचारप्रति यस विभागको ध्यानाकर्षण भएको छ', विभागको सूचनामा भनिएको छ, 'आन्तरिक कृषिजन्य उत्पादनलाई प्रवर्द्धन तथा संरक्षण गर्ने नेपालको नीतिअनुरुप नेपालमा उत्पादन भएका आलु, प्याज, तथा स्याउमा मूल्य अभिवृद्धि कर नलगाइएको तथा नलाग्ने व्यहोरा सरोकारवाला सबैमा यस सूचनाद्वारा जानकारी गराइन्छ ।' विगतमा भ्याट छुट दिइँदै आएका केही वस्तुमा चालु आर्थिक वर्षको बजेटमार्फत् सरकारले उक्त छुट सुविधा कटौती गरेको थियो । सरकारले आयातित आलु, प्याजमा मात्रै भ्याट छुट खारेज गरेको बताए पनि आन्तरिक उत्पादनमासमेत भ्याट लाग्न थालेको भन्दै फलफूल तथा तरकारी व्यापारीहरु विरोध गर्दै आएका थिए ।

होलसेल व्यापारीले आलु, प्याजको आयात तथा बिक्री रोकेपछि बजारमा अभाव र चर्को मूल्यवृद्धि देखिएको छ । भारत सरकारले भने प्याजको निर्यातमा पुनः प्रतिबन्ध लगाएको छ । तीन महिनाअघि डिसेम्बर अन्तिमसम्मका लागि प्याजमा ४० प्रतिशत निर्यात कर लगाएको भारतले अहिले निर्यातमा पूर्ण रोक लगाएको हो । भारतको वाणिज्य एवं उद्योग मन्त्रालयअन्तर्गतको विदेश व्यापार महानिर्देशनलायले सन् २०२४ को मार्च ३१ सम्मका लागि प्याजको निर्यातमा रोक लगाएको छ । करिब ३ महिनाअघि प्याजमा ४० प्रतिशत कर लगाउदा यहाँ मूल्य अचाक्ली बढेको थियो । भारतबाट प्याज नआउँदै नेपालका व्यापारीले मूल्य बढाएका थिए ।


## निक्षेप उपरको हकदावी सम्बन्धी ३५ दिने सूचना

**(प्रकाशित मिति : २०८०/०८/२४)**

श्री भक्तू रिजालको नाति, श्री केशव राज रिजालको छोरा, स्याङ्जा जिल्ला, जगत भञ्ज्याङ्ग गा.वि.स. वडा नं १, स्थायी ठेगाना भई स्याङ्जा जिल्ला वालिङ न.पा. वडा नं. ६ बस्ने ना.प्र.नं. ३८४१२ (स्याङ्जा) भएको श्री डिल्ली राम रिजालको नाममा यस विकास बैंकको मिर्दी, स्याङ्जा शाखा कार्यालयमा बचत तथा मूद्दती खाता नं. १२००१९००६८२१५०००००००२, १२००२३००६८२१५०००००००७ र १२००२२००६८२१५००००००८ रहेकोमा निजको मिति २०८०/०७/०५ मा मृत्यु भएको र निज मृतक डिल्ली राम रिजालको नाममा यस विकास बैंकमा रहेको माथि उल्लिखित खाताहरुको रकम भूक्तानीको माग गर्दै स्याङ्जा जिल्ला, जगत भञ्ज्याङ्ग गा.वि.स. वडा नं १, स्थायी ठेगाना भई स्याङ्जा जिल्ला वालिङ न.पा. वडा नं. ६ बस्ने मृतक डिल्ली राम रिजालकी पत्नी नाता पर्ने श्रीमती निम माया रिजालले मृतकको मृत्युदर्ता प्रमाण-पत्र (दर्ता नं. २००००७०८००४५१-२) र अन्य आवश्यक कागजात सहित यस विकास बैंकमा निवेदन पेश गर्नू भएकोले उक्त रकममा अन्य कसैको हकदावी लाग्ने भए सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र विकास बैंकमा आवश्यक सबूत प्रमाणका कागजात सहित निवेदन दिनुहुन अनूरोध छ । अन्यथा तोकिएको समयभित्र निवेदन पेश नभएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक श्री निम माया रिजाललाई उल्लिखित व्यक्तिको खाताको रकम भूक्तानी भैजाने व्यहोराको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई